**श्री**

**राजश्व न्यायाधिकरण काठमाडौ**

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

लेखा सदस्य श्री डम्बर बहादुर कार्की

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ६३

पुनरावेदन नं. ०७५-RB-०११६

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं.०३ कृष्णगल्लीमा रजिष्ट्रर्ड कार्यालय रही कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता रहेको ओम्नी विजनेश कर्पोरेट इन्टरनेशनल प्रा.लि.------------------------------------------------१ } पुनरावेदक पक्ष

विरुद्ध

भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुने काठमाडौ -------------१ } विपक्षी प्रत्यर्थी

**मुद्दाः भन्सार महसुल निर्धारण।**

शुरु निर्णय गर्ने कार्यालयः भन्सार जाँचपास परिक्षण कार्यालय,काठमाडौ।

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार परिक्षक प्रशासक श्री किशोर जोशी

शुरु निर्णय मिति : २०७५।०६।१७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री भीमसेन बन्जारा

प्रत्यर्थी कार्यालयको तर्फबाटः विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेत

भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर, तिनकुनेको निर्णय उपर राजश्व न्यायाधिकरण ऐन,२०३१ को दफा ६(१) तथा भन्सार ऐन २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिरण क्षेत्राधिकार भित्र दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. पैठारीकर्ता ओम्नी विजनेश कर्पोरेट इन्टरनेशनल प्रा.लि.ले वीरगंज भन्सार कार्यालयको प्रज्ञापनपत्र नं.३५८६ मिति २०७३/५/३१ मा **Kipor Disele Generators** पैठारी गरेको भन्ने देखिएको ।

२. भन्सार जाँचपछीको परिक्षण गर्न भन्सार जाँचपास परिक्षण कार्यालयको च.नं.२०१० मिति २०७५/०३/३१ को पत्रबाट छनौट भई आए बमोजिम यस भन्सार परिक्षण कार्यालयको परिक्षण टोलीले प्रस्तुत **Consignment** को भन्सार जाँचपासपछिको परिक्षण सम्पन्न गरी सबुत प्रमाण पेश गर्ने सम्बन्धको पत्रमा पैठारीकर्तालाई थप महसुल (भन्सार महसुल, थप महसुल र मूल्य अभिवृद्धी कर समेत) रु.१८,०९,०५२।—को प्रारम्भिक कर निर्धारण गनुपर्ने भनि मिति २०७५/०६/०४ मा जारी भएको आदेश।

३. मिति २०७५/०६/०४ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश पैठारीकर्ताले मिति २०७५/०६/०४ मा बुझिलिई उक्त कर निर्धारण आदेशको सम्बन्धमा मिति २०७५/०६/१६ मा जवाफ पेश गरेको देखिन्छ।

४. पैठारीकर्ताले लिखित जवाफमा कुनै ठोस तथ्य वा सबुत प्रमाण पेश नगरी कानुनसम्मत पैठारी गरेको राजश्व छल्ने नियत नरहेकाले थप महसूल तथा जरिवाना लाग्नु नपर्ने जवाफ पेश गरेको तर ठोस आधार र प्रमाण पेश गरेको नदेखिएकोले निज पैठारीकर्तालाई थप महसुल रु.१८०९०५२।— निर्धारण गर्ने भनि मिति २०७५/०६/१७ मा भन्सार जाँचपास परिक्षण कार्यालय काठमाडौबाट भएको निर्णय।

५. पैठारीकर्ताले पैठारी गरेको **KDE** जेनेरेटहरु आर्थिक ऐन अनुसार ८५०२.१०.०० मा वर्गिकरण गरिएकै अन्तर्गत भएको कारणले मिति २०७३/५/३१ मा पैठारी गर्दा १ प्रतिशत भन्सार महसुल निर्धारण गरि सामान पैठारी गरेकोमा विपक्षी कार्यालयले किलोवाट र के.भी.ए.एउटै हो भनि आर्थिक ऐन २०७३ अनुसार ८५०२.११.१० शिर्षक अनुसार नतिरेको भनि उक्त सामान विक्रीको दुई वर्षपछि थप भन्सार महसुल निर्धारण एंव लगाईएको जरिवाना कानुन र न्यायको मान्य सिद्धान्त विपरित हुने गरि भएको मिति २०७५/०६/१७ को निर्णय बदर गरि इन्साफ पाँउ भन्ने व्यहोराको पुनरावेदक ओम्नी विजनेश कर्पोरेट इन्टरनेशनल प्रा.लि. को मिति २०७५/०८/०३ को पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौज्दारी कार्यविधी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७६/०१/११ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

७. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री भीम बन्जाराले पैठारी भएको सामान **KDE** जेनेरेटहरु भन्सार महसुल दरबन्दी अनुसार ८५०२.१०.०० अनुसार नै मिति २०७३/५/३१ मा पैठारी गर्दा १ प्रतिशत भन्सार महसुल निर्धारण गरि सामान पैठारी गरेकोमा विपक्षी कार्यालयले किलोवाट र के.भी.ए.एउटै हो भनि भन्सार महसुल दरबन्दी उपशिर्षक ८५०२.११.१० अनुसार नतिरेको भनि निर्धारण गरेको थप भन्सार महसुल एंव लगाईएको जरिवाना कानुन विपरित नभएकोले निर्णय बदरभागी र विपक्षी तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री

शम्भु कुमार बस्नेतले पुनरावेदक ओम्नी विजनेश कर्पोरेट इन्टरनेशनल प्रा.लि ले पैठारी गरेको मालबस्तुको भन्सार महसुल शिर्षकको उपशिर्षक फरक पारी कम भन्सार महसुल दाखिला गरि पैठारी गरेकाले उक्त पैठारी गरेका मालबस्तुको भन्सार महसुल शिर्षकको उपशिर्षक अन्तर्गत लाग्ने थप भन्सार महसूल माग गर्ने गरि भन्सार जाँचपास परिक्षण कार्यालयबाट भएको निर्णय सदर कायम हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नु भयो।

८. उपर्युक्त बहस समेत सुनी मिसिल अध्ययन गरी प्रस्तुत सुरु निर्णय मिलेको छ, छैन र पुनरावेदन जिकिर अनुसार हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदक ओम्नी कर्पोरेट विजनेश ईन्टरनेशनल प्रा.लि. ले प्रज्ञापन पत्र नं.३५८६ मिति २०७३/०५/३१ मा पैठारी गरेका मालवस्तुहरुलाई भन्सार महसुल उपशिर्षक ८५०२.११.१० बाट वर्गिकरण गरि १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मुल्य अभिवृद्धी कर लगाई पैठारी गर्नुपर्नेमा फरक भन्सार महसुल दरवन्दी उपशिर्षक ८५०२.१०.०० बाट वर्गिकरण गरि भन्सार महसूल दाखिला गरेकाले पैठारीकर्तालाई थप भन्सार महसूल र मुल्य अभिवृद्धी कर शत प्रतिशत जरिवाना समेत कुल जम्मा रु.१८,०९,०५२।— को भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम महसूल निर्धारण आदेश जारी गर्ने गरी भन्सार जाँचपास परिक्षण कार्यालयबाट निर्णय भएको देखियो।

१०. पुनरावेदक पैठारीकर्ताले पैठारी गरेको **KDE** जेनेरेटरहरु आर्थिक ऐन, २०७३ अनुसार भन्सार वर्गिकरण शिर्षक ८५०२.१०.०० मा वर्गिकरण भएको देखाइ १% भन्सार महसूल निर्धारण गरी ड्राइपोर्ट भन्सार कार्यालय, सिरसियाबाट प्रज्ञापनपत्र नं.३५८६ मार्फत पैठारी भएको पाइयो।उक्त जेनेरेटरहरु भन्सार जाँचपास पछीको परिक्षणबाट गलत दरबन्दीबाट वर्गिकरण भएको भन्ने निश्कर्षमा शुरु जाँचपास परिक्षण कार्यालय पुगेको पाइयो। पैठारीकर्ताले भन्सार कार्यालयको प्रज्ञापनपत्र नं.३५८६ मा पैठारी गरेको विभिन्न मोडेलका जेनरेटर मोडल नम्बर अनुसार किलोवाट (**KW**) भनी घोषणा गरेकोमा पैठारीकर्ताले पेश गरेको विल विजक तथा अन्य कागजातमा किलोवाट **(KW)** भनी उल्लेख भएको देखिन आएन र पैठारीकर्तासंग उक्त **KW** के आधारमा घोषणा गरेको भनी मौखिक जानकारी माग गर्दा वेभसाइटमा उल्लेखित मोडल नम्बरको आधारमा भनी जवाफ दिएकोले सम्बन्धित वेभसाइटबाट डाउनलोड गरी हेर्दा जेनरेटरहरु **KW** मा मापन नगरी **KVA** मा मात्र मापन गरिने भन्ने भन्सार जाँचपास परिक्षण कार्यालयको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको पाइयो। यसरी हेर्दा प्रज्ञापनपत्रमा घोषित आइटम नं. २ को **KDE 14S** र आइटम नं.३ को **KDE 13SS3** भनिएको मालवस्तु क्रमश १२.१ **KVA** र १०.६ **KVA** को हुँदा भन्सार उपशिर्षक ८५०२.११.१० मा १२.५ के.भि.ए. सम्मको जेनेरेटर सेटहरुमा १५% भन्सार महसूल लाग्ने भनी आर्थिक ऐन, २०७३ को भन्सार तर्फको अनुसूची १ को दफा १ मा कानूनी व्यवस्था भएको देखिदा पैठारीकर्ताले **KVA** भन्ने आधारमा गलत वर्गिकरण नम्बर उल्लेख गरी उक्त जेनरेटरहरु पैठारी गर्दा शुरु कार्यालयले गरेको निर्णयमा उल्लेख भए

बमोजिम पैठारीकर्ताले घटी महसूल दाखिला गरेको भन्ने निर्णयाधारसंग असहमत हुनुपर्ने नदेखिदा पैठारीकर्ता प्रा.लि.लाई थप महसूल निर्धारण गर्ने गरी भएको निर्णय नमिलेकोले सो निर्णय उल्टी बदर हुनु पर्दछ भन्ने पुनरावेदकको जिकिरसंग सहमत हुन सकिएन।

११. माथी उल्लेखित आधार कारणबाट पुनरावेदक पैठारीकर्ता ओम्नी कर्पोरेट विजनेश इन्टरनेशनललाई भन्सार महसुल निर्धारण गर्ने गरी भन्सार जाँचपास परिक्षण कार्यालय, तीनकुने काठमाडौबाट मिति २०७५/६/१७ मा गरेको निर्णय मिलेको देखिदाँ सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन।तपसिल बमोजिम गर्नू।

<u>तपसिल</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू-----------------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू---------२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू---------------------------------३

(किशोर सिलवाल)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(डम्बर बहादुर कार्की)
लेखा सदस्य

<u>फैसला तयार पार्न सहयोग गर्नेः</u>
शाखा अधिकृतःसनिता लामा

इति सम्बत् २०७६ साल कार्तिक १४ गते रोज ५शुभम्------------------------------।